# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः५२**

**मितिः२०८१।०९।११**

## छलफल तथा निर्णय

**निर्णय १**

आजको बैठकमा सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) बमोजिम कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्ने प्रयोजनका लागि सुदूरपश्चिम प्रदेशमा विद्यमान रहेको **दलित सशक्तिकरण ऐन, २०७८** उपर भएको छलफलमा रचनात्मक सुझावहरु प्राप्त भयो।
छलफलमा सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री, प्रदेश सचिव र मन्त्रालयका कानुन अधिकृतको सहभागिता रहेको थियो। छलफलका क्रममा मन्त्रालयका सचिवले ऐन कार्यान्वयन नै नभएको भन्नेमा कुनै सत्यता नभएको दावी गर्नुभयो। उहाँले ऐनको दफा ३ बमोजिमको **प्रादेशिक जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति** गठन भएर प्राप्त अधिकार बमोजिमको कार्यसम्पादन समेत भईरहेको जानकारी गराउनुभयो। सरोकारवालाको चासो भनेको दफा ९ बमोजिमको **दलित सशक्तिकरण तथा विकास समिति** गठन नभएकोमा हो। **प्रदेश सरकारको प्रशासनिक दरबन्दी संरचनामा विशिष्ट श्रेणी पद नरहेको हुँदा** ऐनको दफा ९ को उपदफा (४) कार्यान्वयनमा प्रशासनिक असहजता रहेकोले उक्त बाधा अड्काउ फुकाउने बित्तिकै ऐनको उक्त उपदफा कार्यान्वयनमा तत्काल ल्याउन सकिने बताउनुभयो। त्यसैगरी ऐनको दफा ९ को उपदफा (१) को खण्ड (च) मा भएको प्रावधानले गर्दा उपदफा (३) को व्यवस्था कार्यान्वयनमा समेत असहज भएको जिकिर गर्नुभयो।
सोही छलफलमा माननीय मन्त्रीज्यूले मन्त्रालयका सचिवले प्रष्ट्याएको विषयका कारण नै ऐन कार्यान्वयनमा आउन नसकेको भन्ने अफवाह सिर्जना भएको जानकारी समितिलाई दिनुभयो। दलितका हकहितलाई सुनिश्चित गर्नेतर्फ मन्त्रालय सदैव सहयोगी सिद्ध हुने भएकोले ऐन कार्यान्वयनका क्रममा देखिएका अप्ठ्यारालाई असल नियतका साथ संशोधन गर्ने तयारी मन्त्रालयको रहेको बताउदै उहाँले दलित विकास समितिको उपाध्यक्ष योग्य र सक्षम भए ऐनको उद्देश्य हाँसिल गर्नमा मदत पुग्ने विश्वास मन्त्रालयले लिएको जानकारी गराउनुभयो।

**निर्णय २**

अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो।